# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

प्रेस विज्ञप्तिः २०७२।१०।२५ गते ।

**आरोपपत्र दायर गरिएको (गैह्रकानूनी रुपमा सम्पत्ति आर्जन बारे ।)**

सगरनाथ वन विकास परियोजना कार्यालय, सर्लाहीमा कार्यरत सुरेश सिंहले सार्वजनिक पदमा बहाल रहँदा आफ्नो पदीय जिम्मेवारीको दुरुपयोग एवं भ्रष्टाचार गरी गैर-कानूनीरुपबाट सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टीहुन आएकोले निज सुरेश सिंहलाई बिगो रू. १,३६,७३,५६९।४२ (एक करोड छत्तिस लाख त्रीहत्तर हजार पाँच सय उनान्सत्तरी रुपैयाँ र बयालीस पैसा) कायम गरी सोही ऐनको दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम गैह्र कानूनीरुपमा आर्जित सम्पत्ति जफत गरी पाउन मागदाबी लिई र सम्पत्ति जफत गर्ने प्रयोजनका लागी निज सुरेश सिंहकी श्रीमती निर्मलादेवी सिंह समेतलाई प्रतिवादी कायम गरी आज विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।